स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




सुवर्ण थापाको निर्देशनमा फिल्म 'महागठबन्धन' बन्ने भएको छ। देशको समसामयिक परिस्थितिको कथामा निर्माण हुने फिल्मको स्क्रिप्ट ब्रजेश खनालले लेखिरहेका छन् । फिल्मको मुख्य भूमिकामा अभिनेता निखिल उप्रेती र वर्षा शिवाकोटी देखिनेछन् । फिल्मका अन्य कलाकार तथा प्राविधिक पक्षका बारेमा केही समयपछि विस्तृत जानकारी गराइने फिल्मको निर्माण पक्षले जनाएको छ ।

**आजको विचार...**



हामीले...
(दुई पेजमा)

कृष्णप्रसाद पौडेल



फिल्म '१२ गाउँ'बाट डेब्यु गरेका अभिनेता समीर भ अब 'बलिदान'मा देखिँदैछन्। फिल्मको दोस्रो सेड्युलको छायाङ्कन शुक्रबारदेखि मोरङको कानेपोखरीबाट सुरु भएको छ। फिल्मको अब तीव्र गतिमा फिल्मको छायाङ्कन हुने निर्देशक सन्तोष सेनले बताए। अन्तिम चरणको छायाङ्कन अवधि ४५ दिनको रहनेछ। छायाङ्कनका लागि कलाकारहरु समीरसहित सौगात मल्ल, अर्पण थापा, दिव्यदेव र ऋचा शर्मा मोरङ पुगिसकेका छन्। ५ करोडमाथिको बजेटमा फिल्म निर्माण हुन लागेको हो।

❒ वर्ष ३० ❒ अंक १२० ❒ २०८१ मंसिर ८ गते शनिबार 23 November 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# तरकारीका बेर्ना उमारेर मनग्य आम्दानी

## प्याजका बिरुवा बेचेरै डेढ लाख कमाइ

**रासस** —

**रामपुर (पाल्पा),** मंसिर ७/रामपुरका गोविन्दप्रसाद दुवाडीले एक मौसममा प्याजका बिरुवा बेचर एक लाख ५० हजा बढी आम्दानी गर्छन् । विगत २८ वर्षदेखि व्यावसायिक रूपमा प्याजका बिरुवा उत्पादन गर्दै आएका उनी गाउँमा असल बिरुवा उत्पादक किसानका रूपमा चिनिन्छन् ।

रामपुर नगरपालिका-३ गण्डकीढिकस्थित कालीगण्डकी करिडोरको सडक छेउमा दुवाडीको घर छ । करिब एक रोपनी जग्गा प्याजका बिरुवा उत्पादन गर्न छुट्याएको उनले बताए । लामो समयदेखि निरन्तर रूपमा नर्सरी तयार गरी प्याजका बिरुवा उत्पादन तथा बिक्री गर्दै आएको दुवाडीको भनाइ छ । उनका अनुसार बिरुवा बिक्री गरेर एक सिजनमा एक लाख ५० हजारबढी आम्दानी हुन्छ । 'बिरुवा उत्पादन गर्न धेरै समय नलाग्ने, कम लगानीमा मनग्ये आम्दानी लिन सकिन्छ', दुवाडीले भने, 'स्थानीय तथा बाहिरबाट आउने व्यापारीले यहाँबाट बिरुवा खरिद गरी लैजान्छन् ।' प्याज खरिद गर्न आउने ग्राहकले बन्दा, काउली, ब्रोकाउली, गोलभैँडालगायत बिरुवा खोज्ने भएकाले यी बिरुवा पनि उत्पादन



थालेको उनले जानकारी दिए । दुवाडीका अनुसार प्याज एकको तीनवटा, काउली पाँचको एउटा, हाइब्रिड बन्दा पाँचको एउटा, स्थानीय बन्दा पाँचको दुईवटा, ब्रोकाउली १० को एउटा बिक्री भइरहेको छ । 'प्याजका बिरुवा उत्पादनलाई प्रमुख व्यवसाय बनाएको छु । यहाँ आउने ग्राहकको सजिलोका लागि अन्य तरकारीका बिरुवा पनि उमार्ने गरेको हुँ', उनले भने, 'एकै ठाउँमा आफूलाई चाहिएको सबै जातका बिरुवा पाइने भएपछि ग्राहकलाई पनि सहज भएको छ ।'आफूले रोप्न बिरुवा खरिद गर्दा रोजेर लैजान नदिएपछि अर्को वर्षदेखि आफैँले उत्पादन थालेको दुवाडीले बताए । आधाकिलो प्याजको बिउबाट व्यवसाय सुरु गरेको भन्दै बिरुवा उत्पादन राम्रो हुँदै गएपछि क्षेत्रफल पनि बढाउँदै लगेको दवाडीले उल्लेख गरे । यहाँ उत्पादित बिरुवा काठमाडौँ, पोखरा, नारायणगढ, तानसेन, बुटवल, स्याङ्जा, तनहुँ, नवलपरासीलगायत विभिन्न स्थानमा खपत हुने गरेको छ । यसवर्ष एक लाख ५० हजार बढीको आम्दानी हुने अनुमान गरिएको उनकी श्रीमती मतिकला दुवाडीले बताइन् । बिरुवा उखेल्ने र बिक्री गर्ने काममा श्रीमान् श्रीमती दिनभर खटेर काम गर्छन् । यात्रुले गाडी रोकेर बिरुवा खरिद गर्नाले उनीहरूलाई उखेलेर बेच्न भ्याइनभ्याइ हुने मतिकलाले बताइन् । 'यात्रुले हरियाली बिरुवा देखेपछि गाडी रोकेर लैजाने गर्छन् । हामीले तयारी बनाएर राखिदिने गरेका छौँ', उनले खुसी हुँदै भनिन् । रामपुर-६ स्थित प्याक्लुक बस्ने राधिका बस्यालले पनि करिब एक रोपनी जग्गामा नर्सरी तयार पारेर बिरुवा उत्पादन गर्छिन् । प्याज, काउली, बन्दा, ब्रोकाउली, गोलभैँडा उत्पादन सँगसँगै हुने भएकाले एक सिजनमा एक लाखबढी आम्दानी हुने गरेको उनले जानकारी दिए । तरकारी खेतीको तुलनामा छोटो समयमा बढी आम्दानी हुने भएकाले बिरुवा उत्पादनमा जोड दिएको उनको अनुभव छ । पछिल्लो समय घरायसी प्रयोजनका लागि घर-घरमा काउली, बन्दा, ब्रोकाउली, प्याज, गोलभैँडालगायत बिरुवा लगाउने चलन बढेकाले बजारीकरणको समस्या नभएको बस्यालले बताइन् । छोटो समयमा धेरै आम्दानी गर्न सकिने भएकाले पछिल्लो समय बिरुवा उत्पादनमा किसानको आकर्षण बढेको रामपुर नगरपालिकाका कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले बताए । ठूलो परिमाणमा उत्पादन गर्ने किसानलाई शाखाबाट प्राविधिक तथा तालिमलगायतमा सहयोग गरिने उनको भनाइ छ ।

### सक्षिप्त समाचार

## पाकिस्तान हमलामा ४३ को मृत्यु

**(रासस/एएफपी)**—

**पेसावर(पाकिस्तान),** मंसिर ७/ उत्तरपश्चिम पाकिस्तानमा भएको साम्प्रदायिक हमलामा ४३ जनाको मृत्यु भएको अधिकारीहरूले शुक्रबार बताएका छन् । अधिकारीहरुका अनुसार प्रभावित जिल्लामा कर्फ्यू लगाएको लगाई मोबाइल सेवासमेत बन्द गरेको बताएका छन् ।

अफगानिस्तान सीमा नजिकैको खैबर पख्तुनख्वा प्रान्तको कुर्रम जिल्लामा प्रहरी एस्कर्सँग यात्रा गरिरहेका शिया मुसलमानको दुईवटा छुट्टै समुहमा बन्दुकधारीले बिहीबार गोली हानेका थिए । लामो समय देखि यस क्षेत्रमा सुन्नी र शिया मुस्लिम जनजातिहरू बिच झडप भईरहेको छ । एक वरिष्ठ प्रशासनीक अधिकारी जावेद उल्ला महसुदले कुर्रममा भएको हमलाको पुष्टि गरेका छन् । उनका अनुसार पीडितहरू मध्ये सात जना महिला र तीन जना बालबालिकासमेत रहेका छन् भने आक्रमणमा १६ जना घाइते भएका छन् । एक वरिष्ठ प्रशासनिक अधिकारीले नाम नछाप्ने सर्तमा शुक्रबार जिल्लाभर मोबाइल सेवा बन्द गरिएको जनाउदै मुख्य सहर पाराचिनारमा स्थानीयले धरना तथा प्रदर्शन गर्दा स्थिति तनावपूर्ण भएको बताएका छन् ।

## रैनादेवीमा सकियो न्वागी उत्सव



**कृष्ण पोखरेल**—

**पाल्पा,** मंसिर ७/पश्चिम पाल्पाको रैनादेवी छहरा गाउँपालिका -३ भुवनपोखरी रैनादेवी मन्दिर परिसर गोखुङ्गामा सञ्चालित दुई दिने न्वागी उत्सव सकिएको छ । रैनादेवी क्षेत्रका कृषकले भित्र्याएको नयाँ धान देवीलाई चढाएर, कृषकहरुले घर-घरमा दहि चामल खाएर मन्दिर परिसरमा भजनकृर्तन नाचगान सहित दुई दिने न्वागी उत्सव सकिएको हो । उत्सव समापनमा लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तिमगरले पश्चिम पाल्पाको ऐतिहासिक पर्वको रुपमा न्वागी पर्व रहेको बताए । उनले भने,'न्वागी पर्व कृषकको खेतीपातीसँग जोडिएको छ, धार्मिक आस्थासँग जोडिएको छ, परम्परागत जातजाती, कलासंस्कृतिको प्रदर्शन, जर्गेनासँग जोडिएकोले ऐतिहासिक पर्वको रुपमा न्वागी पर्वलाई लिन सकिने सभामुख घर्तीमगरले बताए । पश्चिम पाल्पामाको साथै गुल्मी र अर्घाखाँचीमा रैनादेवीको ठूलो महिमा र आस्था रहेकाले दिनहुँ धार्मिक पर्यटकहरुको आवतजावतमा वृद्धि भएको, धार्मिक तथा पर्यटकीय पुर्वाधारहरु निर्माण हुँदै गएकाले मन्दिरको महिमा दिनहुँ बढ्दै गएको छ ।

**-...बाँकी अन्तिम पेजमा**

## पाल्पामा मनाइयो कर सप्ताह, धेरै कर तिर्नेलाई सम्मान

**भरत शर्मा** —

**पाल्पा,** मंसिर ७/पाल्पामा विभिन्न कार्यक्रम गर्दै कर सप्ताह २०८१ मनाइएको छ । हरेक नागरिकलाई करको दायरामा आउनका लागि आह्वानस्वरुप मंसिर १ गतेदेखि विभिन्न सचेतनामूलक कार्यक्रम गर्दै सुरु गरिएको १३ औं कर दिवस शुक्रबार समापन गरिएको हो ।

करदाता सेवा कार्यालय पाल्पाले कार्यालयमा आउने करदातालाई सत्कार तथा सम्मान, प्रचार-प्रसार, कर सचेतना सम्बन्धी अन्तर्क्रिया लगायतका साताव्यापी कार्यक्रम गरिएको जनाएको छ । करदातालाई कर तिर्नका लागि प्रोत्साहित गर्न हप्ता दिनसम्म कर सप्ताह मनाइएको करदाता सेवा कार्यालय पाल्पाका कर अधिकृत सन्तोष सुवेदीले बताए । कर सप्ताह समापन कार्यक्रममा कर अधिकृत सुवेदीले आ.ब.२०८०/८१ को कार्य प्रगती प्रस्तुत गर्दै पाल्पामा ४२ हजार ७ सय कारदाता संख्या रहेको र ५५ करोड राजश्व संकलन गरिएको बताए ।



समापन कार्यक्रममा धेरै कर तिर्ने करदाता र कर्मचारीहरुलाई सम्मान गरिएको थियो । कार्यालयले २०७९/८० मा बढी आयकर दाखिला गर्ने पाल्पाली कन्स्ट्रक्सन (तिनाउ झुम्सा, अन्धकार मुक्ति सहकारी संस्था रामपुर र तानसेन ट्रेड कन्स्ट्रक्सन तानसेन ६ (पेट्रोल पम्प) लाई सम्मान गरेको थियो । यस्तै कार्यालयका सवारी चालक सुरज लम्तरी मगरलाई पनि उत्कृष्ट कर्मचारीको रुपमा नगद रु ३ हजारसहित सम्मान गरियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले देशलाई समृद्धितर्फ उन्मुख गराउन कर प्रणाली अनिवार्य रहेको बताउँदै व्यवसायीले कानून अनुसार आफ्नो व्यवसाय गर्नुपर्ने, राजश्व चुहावट नियन्त्रण गर्न सबै पक्षको सहयोग रहेको खाँचो औंल्याए । उनले व्यवसायीलाई अप्ठ्यारो नपर्ने गरी करको दायरा लागु गरी करको सही सदुपयोग गर्नुपर्नेमा समेत जोड दिए ।

कार्यक्रममा पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई र पाल्पा व्यापार संघका अध्यक्ष बासुदेव बस्यालले एकातर्फ कोभिडपछि व्यवसाय घटेको र अर्कोतर्फ विभिन्न क्षेत्रमा कर तिर्नुपर्ने कारण व्यवसायीहरु मर्कामा परेको गुनासो गरे । कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख कृष्ण प्रसाद अधिकारी र सम्मानित व्यक्ति बाबुराम पाण्डेले राज्यले निर्धारण गरेको कर तिर्नु सबैको दायित्व रहेको बताउँदै सरकारले समय सापेक्ष कर नीति बनाउनुपर्ने बताए । करदाता सेवा कार्यालका प्रमुख सन्तोष सुवेदीको अध्यक्षता, नासु देवीप्रसाद अर्यालको स्वागत, नायव सुब्बा योगमाया न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो । नेपालमा मूल्य अभिवृद्धि कर लागु भएको दिनको स्मरण गर्दै २०६९ देखि प्रत्येक वर्ष मंसिर १ गतेदेखि ७ गतेसम्म राष्ट्रिय कर दिवस तथा कर सप्ताह मनाइँदै आइएको छ । यस वर्ष 'कर प्रणालीको सार: लगानीको आधार' भन्ने मूल नाराका साथ देशभर नै कर दिवस तथा कर सप्ताह मनाइएको हो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बीआरआई एजेण्डामा समझदारी आवश्यक

सत्तारुढ दल नेपाली काँग्रेस र नेकपा एमालेबीच बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) परियोजनाका विषयमा सहमति जुट्न सकेको छैन । जसका कारण प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमण पेचिलो बन्दै गएको छ । बीआरआई परियोजना स्वीकृत गर्नुअघि चीनले कबोल गरेको सहयोग कार्यान्वयन हुनुपर्ने अडान नेपाली काँग्रेसले राखेपछि सत्तारुढ दलबीच मत बाँझिएको छ ।

बीआरआई कार्यान्वयन योजनामा सम्झौता गर्ने कि नगर्ने, बीआरआईअन्तर्गत चीनबाट अनुदान मात्रै लिने कि ऋण पनि लिने भन्नेमा दुई ठूला दल समझदारी बनाउने गृहकार्यमा रहे पनि अझैसम्म सहमति हुन सकेको छैन् । प्रधानमन्त्री केपी शर्मा ओलीले बिहीबारकै मन्त्रिपरिषद् बैठकबाट चीन भ्रमणका एजेण्डा पारित गर्ने तयारी गरेका थिए । तर, चीनबाट ऋण लिने कि अनुदान मात्र भन्नेमा सहमति नभएपछि बीआरआई कार्यान्वयन योजना सम्झौताका विषयमा दुई दलबीच मतैक्य बन्न सकेको छैन । काँग्रेसकै अडानअनुसार अनुदान मात्रै लिन सहमत भएका प्रधानमन्त्री ओलीले कार्यान्वयन योजना सम्झौतापत्रमा हस्ताक्षर गर्न चाहेका छन् । एमालेले बीआरआई परियोजना कार्यान्वयन हुनपुर्नेमा जोड दिएको छ । नेपाली काँग्रेसले परियोजनालाई ऋणमा देखाउन नहुने अडान राखेको छ । जसका कारण प्रधानमन्त्री ओलीको चीन भ्रमण अन्यौलमा रहेको छ । परियोजना जे जस्तो भए पनि सत्ता रुढ दलहरुबिच सहमति गरेर मात्र चिन जानु उपयुक्त हुन्छ । चीनले बीआरआईअन्तर्गत सहयोग गर्न चाहेका क्षेत्रको सूचीसहित प्रस्ताव केही समयअघि नै पठाएको छ । जलविद्युत्, सुक्खा बन्दरगाह, सुरुङमार्ग, प्रसारण लाइन, सडक पूर्वाधार, दमकमा पार्क बनाउनेसम्मका प्रस्ताव छन् । यी प्रस्तावहरुलाई स्वीकृत गर्ने गरी प्रधानमन्त्री भ्रमणमा जाने तयारी गरे पनि सहमति जुट्न सकेको छैन ।

प्रधानमन्त्रीको चीन भ्रमणको केन्द्रमा रहेको यो एजेण्डा माथि नेपालले आधिकारिक रुपमा ठोस निर्णय लिएर मात्रै चिनियाँ पक्षसँग सम्झौतालाई अगाडि बढाउदा मात्रै यो दुवै देशको हितमा हुने देखिन्छ । यसर्थ बीआरआईको विषयमा दुई दलबीच छिट्टै समझदारी गर्नु आवश्यक छ ।

### Opinion @ Social Network

जिन्दगीको गन्तब्य मृत्यु हो,
त्यसैले यात्रामा रमाइलो गर घमण्ड होइन ।
*(सम्राट शर्माको फेसबुक स्टाटस https://www.facebook.com/Samrat.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हामीले बिराएको कृषि कर्मको बाटो



**कृष्णप्रसाद पौडेल**

१०/१२ हजार वर्ष पहिले गहुँ र गाईसँगै घरायसी बनाउने कार्यबाट सुरु भएको खेतीकर्म किसानको खासगरीह महिलाको मल, पानी, बीउ र ब्याडको जतन गर्ने प्रकृतिसम्मत विवेकले निर्माण गरेको प्रविधिसँगै उन्नत भएको हो । यो मानिसको बसाइँसराइसँगै स्थानीय भूगोल र वातावरणमा थप परिष्कृत हुँदै विश्वभर फैलियो । मान्छेको श्रमबाट गरिने कामलाई सजिलो बनाउन आविष्कार भएका घरपालुवा जनावर, हावा र पानीको वेगबाट मात्र सम्भव भएको खेतीकर्म बाफबाट चल्ने यन्त्र बनाउन सफल भएसँगै गतिवान् भयो । यो प्रकृतिको अन्तरनिहित ऊर्जाबाट गति नियन्त्रण गर्ने मानवीय चेतनाको कोसेढुंगा थियो । यही खोजको क्रममा प्रकृति र मानवीय आयाममा भइरहेका अरू समानान्तर खोज र आविष्कारले विज्ञानसम्मत खोजको दायरा थप फराकिलो बनाउँदै कृषि कर्ममा यान्त्रीकरण गर्ने कामको नयाँ जग बसाल्यो । यो कृषि कर्मको औद्योगिकीकरणको सुरुवात थियो । योसँगै मानवीय उपयोग र उपभोगका लागि चाहिने उत्पादन बढाउन खेतीपातीको क्षेत्र, प्रविधि र प्रणालीहरू मात्र विकास भएनन् यिनको विस्तार गर्न उत्पादनका स्रोत र सामग्री तयार गर्ने, उत्पादित उपजको प्रशोधन गर्ने कलकारखाना, उद्योग र यिनलाई थप विकसित गर्न औद्योगिक कार्यशाला समेत विकसित भए । यसरी औद्योगीकरण भइरहेका क्षेत्रमा त्यस्ता कारखानालाई चाहिने कच्चा पदार्थ ओसारपसारको लागि यातायातका साधन र पूर्वाधार बने । यो सबैलाई गतिवान् बनाउन प्राकृतिक ऊर्जा तथा खनिज स्रोतको उत्खनन् तीव्र भयो । यही ऊर्जाबाट चल्ने प्रविधिका बलमा खानेकुरा र अन्य आवश्यकता पूरा गर्न ओसारपसार र व्यापार हुँदै बजारको वर्चस्व बढ्यो । यसले उत्पादनका साधन र स्रोतमा प्रकृति दोहनको होडबाजीसँगै बाह्य बजारको व्यापारिक नियन्त्रण बढ्यो । यो यात्रा यत्तिमा मात्र रोकिएन । स्रोत नियन्त्रणका लागि थप नयाँ आविष्कार र खोज भए ।

प्रकृति दोहनको होडबाजी र स्रोतको खोसाखोसका लागि यी खोजहरूको व्यापक दुरुपयोग समेत भयो । परिणामत: दुई ठूला युद्ध भए । विश्वयुद्धको अन्त्यले प्रकृति दोहनको भौतिक उपनिवेशको यात्रामा त रोक लगायो तर दुनियाँभरको स्रोतको भरमा निर्माण भएको विरासत भत्किने भय पालेको औद्योगिक उपनिवेशी सत्ताले निहित स्वार्थका लागि यो बाध्यकारी रोकलाई बेवास्ता गर्दै विकास साझेदारीको नयाँ जलप लगाएर ज्ञान, विज्ञान र प्रविधिलाई योजनाबद्ध विकासको अस्त्र बनायो । यो अस्त्र उपनिवेशी नियन्त्रणको सामाजिक अभियन्त्रण गर्ने कपट थियो । ज्ञान र प्रविधिको बलमा अहिले विश्व समाजको टाढैबाट अभियन्त्रण भएको छ । यो सम्भव बनाउन ताररहित सञ्चारप्रविधिको विकासले सम्भव बनाएको हो । यस्ता प्रविधिको विकास अहिले पनि निरन्तर जारी छ । साथै, अहिले औद्योगिक विकास एकमात्र विकल्पको संकथन प्रस्तुत भइरहेको छ । यो संकथनको प्रभावकारी कार्यान्वयन गर्न औद्योगिक शिक्षालाई यसको मुख्य हतियार बनाइयो । औद्योगिक ज्ञानसत्ताको केन्द्र बनेको विश्वविद्यालय र यसले उत्पादन गरेका बौद्धिकहरू यसैका उत्पादन हुन् । यिनीहरूको सामाजिक मनोविज्ञान औद्योगीकरणको भाष्यले दाइँएको छ । यो अभियन्त्रणले समग्र प्रकृतिको दोहनलाई सत्ता शक्तिको आडमा वैधता मात्र दिएन, यस्तो बिगार नगर्ने अभ्यास, सभ्यता र संस्कृति भएका समुदाय, समाज र क्षेत्रलाई अविकसित र पछौटेको संज्ञा दियो । संसारभरका आदिवासी, जनजाति र फरक जीवन पद्धति भएका अन्य लाखौं समुदाय उनीहरूका लागि रातारात अविकसित र पाखे हुनपुगे ।

औद्योगिक विकासको यो जोड-घटाउले हजारौं वर्षको प्रकृतिसँगको सहअस्तित्व र पारस्परिक अन्तर-सम्बन्धबाट उन्नत भएको विविधतापूर्ण मानव सभ्यता र संस्कृतिलाई आठ दशकमै जगैदेखि हल्लाइदियो । अहिले विकसित हुनु भनेको औद्योगिक विकासको जस्ताको तस्तै नक्कल गर्नु हो भन्ने आम मान्यता स्थापित भएको छ । यसले उपनिवेश र प्रभुत्वमा आधारित मूलत: औद्योगिक विकासको ढाँचा मात्र ठिक र अरू सबै प्रचुरता, विविधता र समताका मूल मर्ममा आधारित समाज, सभ्यता र संस्कृति बेठीक भन्ने परनिर्भर मानसिकताको लघुताभास थोपरेको छ । यसरी रातारात अविकासे र पाखेमा दरिएका सामाजिक तथा राजनैतिक अगुवाले आफ्नै समाजको प्रकृतिसम्मत जीवन प्रणालीलाई पछौटे देखे । यसको सबैभन्दा ठूलो असर जीवनको मुख्य आधार कृषिकर्ममा पऱ्यो । आफ्नै विशेषताको बोध समेत गुमाएका यस्ता अगुवाको औद्योगिक विकासे अन्धभक्तिले थोपरेको आयातित विचारले धेरै मानिसको प्रकृतिसम्मत कृषि कर्मको विवेकमा समेत ग्रहण लाग्यो । यी सबै कुराले रैथाने कृषि कर्मको अपहेलना मात्र गरेन समग्र कृषि क्षेत्रको औद्योगीकरण र व्यापारीकरणलाई नाफा कमाउने एकमात्र सूत्र बनाउँदै यसका व्यापारीलाई व्यावसायीकरणको प्रमाणपत्र थमायो । यो व्यावसायिक भनिने खनिज स्रोत, कृत्रिम रसायन, विषादी, हर्मोन, प्लास्टिक र नपुंसक बीउ र ब्याडमा आधारित बजारमुखी कृषि नै अहिले भनिने विकासे कृषि हो । यस्तो कृषि अपनाएको शताब्दी नहुँदै १० हजार वर्षदेखि उन्नत हुँदै आएको कृषि क्षेत्रले संकटको सामना गरिरहेको छ । अहिले देखिएका जलवायु परिवर्तन, माटो र मानिसको स्वास्थ्य जटिलता यसैका परिणाम हुन् ।

जलवायु परिवर्तन, जैविक विविधताको नाश त सतहमा आएका र देखिएका प्रभाव मात्र हुन् । यसका केही नमूना खडेरी, डढेलो, बाढी, तापक्रम वृद्धि जस्ता कुराबाट आकलन गर्न सकिन्छ । आम मानिसको जीवनमा देखिने यसका असर र यसले निम्त्याउने संकट भयावह छन् । यी सबै कुराले, अहिले प्रकृति र समाज दुवै नै संकटग्रस्त बन्दै गइरहेको छ । प्रकृति दोहन, जैविक विविधताको नाश, वातावरणीय ह्रास, जलवायु परिवर्तन, माटो तथा मानव स्वास्थ्य र खाद्य संकटको भयावह रूप विश्वव्यापी रूपमा प्रकट भइरहेको छ । अहिले मानव सभ्यताको भविष्य नै अन्योलग्रस्त भएको छ । जलवायु परिवर्तनका कारण निरन्तर बढ्दो जैविक विविधताको ह्रास कहालीलाग्दो छ । अध्येताहरूको खोजलाई प्रामाणिक तथ्य मान्ने हो भने यस पृथ्वीका प्रजातिमध्ये ४० प्रतिशतको विनाश भइसकेको छ र यो क्रम तापक्रम वृद्धि, हावापानीको प्रदूषण मौसममा आएको अनपेक्षित फेरबदलसँगै तीव्र रूपमा बढिरहेको छ । हावापानी चक्रमा आएको फेरबदलले खडेरी, बाढी पहिरो, डुबान जस्ता समस्या वर्षेनि बढ्दै गएका छन् । यसमाथि, समृद्धिका नाममा भइरहेका उत्ताउला विकासे संरचनाले प्राकृतिक लय बिगार्दा ठूलो जनधनको क्षति भइरहेको छ ।

आधुनिक हुने नाममा थोपरिएको औद्योगिक भनिने कृत्रिम रसायन र विषादीमा आधारित व्यापारिक कृषिले माटो र मानव स्वास्थ्य तहसनहस भइरहेको छ । उर्वरशील जीवित माटो कृत्रिम रसायनका भरमा धिकिर धिकिर गर्दै प्राण धानेको छ । यो मरुभूमिमा परिणत हुने प्रतीक्षामा छ । यसको प्राण गयो भने हाम्रो हालत के हुन्छ ? तराई र सम्म मैदानी माटोमा जैविक गतिविधि शून्य हुँदै गएको छ । निरन्तरको बाध्यकारी श्रम पलायनले सजिलो खेती भन्दै गरिएका खेती प्रविधिले माटोको जैविक प्रक्रिया र विविधता दुवै तहसनहस भएको छ । यन्त्रमा आधारित एकल खेतीले जैविक विविधता र माटोको जीवन तत्व ह्रास हुँदै गएको छ । दिगो खेतीपाती प्रणालीको मार्गचित्र बनाउँदै स्थानीय विशेषतामा आधारित रैथाने खाद्य उत्पादन बढाउने र तुलनात्मक लाभका कृषि उपजको प्रवर्द्धन गरी खाना, रोजगारी र आम्दानी बढाउनका लागि हाम्रो मौलिक कृषि प्रणालीलाई अझ उन्नत बनाउनुको अर्को विकल्प छैन । तसर्थ, खेतीकर्ममा आफ्नै र अरूको समेत विवेक फर्काउन लागौं । यो नै उन्नत भविष्यको एकमात्र बाटो हो । यिनको नकारात्मक प्रभावसँगै प्रकृतिसम्मत खेतीपाती उपेक्षित भएको मात्र छैन, कृत्रिम रसायन र विषादीले आक्रान्त भएको छ । किसानले बाह्य स्रोतमा आधारित खेतीकर्म धान्न नसकेर खेतबारी छोडेर शहर र बाह्य मुलुकमा रोजगारी र आम्दानीको खोजी गर्न बाध्य भएका छन् । परिणामत: प्लाष्टिक पोका, प्लाष्टिककै बोतल र बट्टामा पत्रु पिउने र खानेकुरा, तरकारी, फलफूल, गेडागुडी, तेल र अन्य अन्नपात आयातित भइरहेको छ । भइरहेको खेतीपाती विषाक्त छ भने आयातित खानेकुरा अखाद्य र पत्रु छ । विषाक्त र पत्रु खानाले पोषण र स्वास्थ्यमा जे भइरहेको छ, त्यो खोपामा राखेको चक्कीदेखि अस्पतालका पर्चासम्मले प्रस्ट देखाउँछ । नसर्ने दीर्घ रोगका समस्याले आक्रान्त घरपरिवार, आफन्तसँगै समाज भयभीत र आतंकित छ । अस्पतालको भीडभित्र लुकेको आम मानिसका पीडाले सबै कुरा ओकलिरहेको छ । खाना र खेतीपातीको दुरुह अवस्था र यसका अन्तरनिहित कारणले समाजको समग्र चेतनामाथि गम्भीर प्रश्न उठिरहेको छ । परनिर्भर खाना र खेतीपातीले हाम्रो आत्मसम्मान, स्वाभिमान र आत्मनिर्भरता तथा खाद्य सुरक्षाको हैसियत उदांगो भएको छ । सारमा कृषिका नैतिक मूल्यमान्यताको नियतवश गरिएको निषेध नै आजको कृषिको मूल संकट हो ।

यसलाई नसच्याएसम्म टाउकाले टेकेर घिस्रिरहेको नाफामुखी औद्योगिक कृषि हाम्रो जीवनमा थप दुर्घटना निम्त्याउन पर्खेर बसेको छ । यो कुराको समयमै हेक्का नराखे आउने दिनहरू अझ कष्टकर हुने निश्चित छ । यी सबै कुराले हामी सबैलाई केही आधारभूत प्रश्नमा गम्भीरतापूर्वक चिन्तनमनन् गर्न दबाब बढिरहेको छ । किन हामी खानाका लागि गरिने खेतीपाती जस्तो आधारभूत प्रश्नमा विचार गर्ने विवेक गुमाउँदै गएका छौं ? किन हामी विषाक्त खाना र खेतीपाती प्रवर्धनको प्रतिवाद गर्न स्थानीय स्तरमा यसलाई सच्याउन हिच्किचाइरहेका छौं ? किन विषाक्त खाना र खेतीपातीले निम्त्याएका नसर्ने दीर्घरोगको विकराल समस्या नभए झैं गरेर टक्टकिइरहेका छौं ? यी सामान्य प्रश्नको जवाफ खोज्ने र जवाफदेही लिनुपर्ने जिम्मेवार कर्ताहरू यी सबैबाट बेखबर बन्दै कुम्भकर्ण जस्तै निद्रामा छन् । व्यापारिक विषाक्त कृषिका प्रवर्तक यही मौनताको आडमा हाम्रो भविष्यमाथि खेलबाड गरिरहेका छन् । यिनैको मानो पचाएर गुजारा चलाउने जमात यिनैले थोपरेका कुतर्कको अन्धभक्त दास भएर यिनैका भजन गाइरहेका छन् । आम मानिस असुरक्षित र आतंकित हुँदै अन्योलमा बाँच्न विवश छन् । अन्त्यमा, यी सबैलाई फर्केर हेर्ने र सच्याउन नसके अहिलेका संकटको सामना गर्न सकिंदैन । यसका लागि दिगो खेतीपाती प्रणालीको मार्गचित्र बनाउँदै स्थानीय विशेषतामा आधारित रैथाने खाद्य उत्पादन बढाउने र तुलनात्मक लाभका कृषि उपजको प्रवर्द्धन गरी खाना, रोजगारी र आम्दानी बढाउनका लागि हाम्रो मौलिक कृषि प्रणालीलाई अझ उन्नत बनाउनुको अर्को विकल्प छैन । यसको सुरुवातले हाम्रो प्रकृतिसम्मत विवेक फर्काउँदै जीवनका अन्य आयाममा हामीले बिराएको बाटो सच्याउने विवेक सँगसँगै उजागर हुँदै जान्छ । तसर्थ, खेतीकर्ममा आफ्नै र अरूको समेत विवेक फर्काउन लागौं । यो नै उन्नत भविष्यको एकमात्र बाटो हो ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्या : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ कार्यको थालनी होला । साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला । | **तुला** : मन अस्थिर रहने संकेत देखिन्छ। लेनदेनमा सजगता अपनाउनु पर्नेछ । |
| **वृष** : शुभकार्यको चर्चा चल्नेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । | **वृश्चिक** : शुभ समाचार सुन्न पाइएला। दाम्पत्य जीवन सुखमय रहनेछ । |
| **मिथुन** :वचन दिने बानीले अप्ठ्यारो पार्ने छ।वचन टाल्न नसक्दा दु:ख पाइनेछ। | **धनु** : धर्मकर्म तथा सेवामा मन लाग्नेछ। आँटेको र ताकेको कार्य पुरा होला । |
| **कर्कट** : कार्यमा सफलता पाइनेछ । नयाँ व्यक्तिसँग भेटघाट हुनेछ । | **मकर** :शैक्षिक क्षेत्रबाट सफलता मिल्नेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ । |
| **सिंह** : नयाँ सवारी साधन प्राप्तिको योग छ । आँटेको र ताकेको कार्य पुरा होला । | **कुम्भ** : मन खिन्न हुने स्थिति आउनेछ। मालसामान हराउन सक्छ । |
| **कन्या** : अधुरो वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । विश्वास गरेकाले साथ दिनेछन्। | **मीन** : इनाम र प्रतिष्ठा कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउनेछ । |

# साहित्य दर्पण

नाटक ● कृष्ण प्रधान

## घरको कुखुरा सागै बराबर

*एसेम - लकडाउन खुलोस् न बजारबाट सेप्टिट्याङ्कमा सिन्केधूप सधैँ नहल्लाई छोड्दिनँ अन्त । फुर्बा (हाँसेर भुतुक्क हुँदै) एसेम भेनाको गिदी फुस्कियो भनेर हल्ला होला नि । एसेम - गिदी फुस्कियो भनोस् कि एसेमको लिदी खुस्कियो भनोस् यो एसेमलाई न लुतो न कनाइ । पहिला मलाई भनन यहाँ के चाहिँ फुस्केको छैन ? यता हेरह्यो भ्वाङ्ङै उता हेरह्यो भ्वाङ्ङै । स्वेटरको धागो फुस्केजस्तो सबै ता ह्वारह्वार्ती फुस्किसकेको छ । फुबा वाह ! एसेम भेनाजी वाह ! यस्तो डायलग हान्ने मान्छे ता नेता हुनुपर्थ्यो नि । एसेम- नेता भएर के गर्नु शालीजी ? सिम्टेक्स र सेप्टिट्याङ्कभित्र लक्ष्मीवास भए पो ।*

पात्रहरू : एसेम, खाम्बे, डोमा, फुर्बा -। दृश्य विवरण - साधारण कोठाभित्र एसेम व्यस्त भएर फोनमा बात मारेको आवाज बाहिरसम्म सुनिन्छे एसेम हँ । किन नचिन्नु ? यो एसेमले शालीज्यूलाई नचिन्नु भनेको नै पहिलेका कान्छीलहरहरूले छोडट्ेका कान्छी स्वास्नी भएकै बराबर हो नि । (नारी स्वर खितिति हाँसेकी आवाज सुनिन्छ ) । फुर्बा- (छक्क् पर्दै) कान्छीलहर ! के हो कान्छीलहरू भनेको चैं बाठ्े भेनाज्यू । एसेम त्यति पनि थाहा छैन पोक्चीलाई । पहिलेका काउन्सिलरहरूमाफ कान्छे राख्नेलहर चलेको थियो । यसैले काउन्सिलरबाट कान्छीलहर..... फुर्बा -भुतुक्क हाँस्दै) आय्यु....यो एसेम भेनाले पनि हँसाउँनुहुन्छ । ढँटुवा भेना । एसेम - शालीले नै ढाँटेकी कुरो पत्याएपछि अनि म के गरूँ ? फुर्बा -(सामान्य रिसिएर) अम्मुइ छेउमा भो यो भनेको ओँठ निचारेर उहिले खाको दूध जति जम्मै निकालिदिन्थेँ । एसेम - इम्पोसिबल फुर्बा बालिके इम्पोसिबल । माक्सले ग्वाम्मै छोपेको ओँठ निचोर्नु सक्छ्यौ ? जीटीएजस्तो यो ओँठ निचोरेर उहिले खाएको दूध ता कोङ्गनि सेप्टियट्याङ्कभित्रको रस मात्रै निस्केला । ले नै ढाँटेकी कुरा पत्यापछि ! फुर्बा (वाकवाक गर्दै) छि । सेप्टिट्याङ्क ! एसेम -तिम्रो लागि सेप्टिट्याङ्क घिनलाग्दो भए पनि कतिको सेप्टियाङ्कमा लक्ष्मीवास भएको कुरा थाहा छ के ? पगला फ्ोडट्ालाई लक्ष्मीफ्ोडट्ा भनेजस्तै सेप्टिट्याङ्कलाई मैले लक्ष्मीट्याङ्क भन्न थालेको छु । फुबा - अम्मुइ ! कतै नभाका बाहुन बाजे । एसेम - लकडाउन खुलोस् न बजारबाट सेप्टिट्याङ्कमा सिन्केधूप सधैँ नहल्लाई छोडट्दिनँ अन्त । फुर्बा - (हाँसेर भुतुक्क हुँदै) एसेम भेनाको गिदी फुस्कियो भनेर हल्ला होला नि । एसेम - गिदी फुस्कियो भनोस् कि एसेमको लिदी खुस्कियो भनोस् यो एसेमलाई न लुतो न कनाइ । पहिला मलाई भनन यहाँ के चाहिँ फुस्केको छैन ? यता हेरह्यो भ्वाङ्ङै उता हेरह्यो भ्वाङ्ङै । स्वेटरको धागो फुस्केजस्तो सबै ता ह्वारह्वार्ती फुस्किसकेको छ । फुर्बा- वाह ! एसेम भेनाजी वाह ! यस्तो डायलग हान्ने मान्छे ता नेता हुनुपर्थ्यो नि । एसेम-नेता भएर के गर्नु शालीजी ? सिम्टेक्स र सेप्टिट्याङ्कभित्र लक्ष्मीवास भए पो । (हरेस खाँदै) बडट्े बडट्े नेताहरूको गिदी घोप्टेर ता केई हुन सकेको छैन भने नाथे यो मिस्त्रीको गिदी फुस्किँदा के हुन्छ र ! (एसेमकी श्रीमती डोमाको प्रवेश) । डोमा- यो मान्छे घरै उचालेर बोल्देछा हेरा । कोसाँगो बोल्दैछा ? एसेम- (फोन डोमाको हातमा सुम्पिँदै) फुर्बा....फुर्वा । एकक्षण बात मार्दै गर ल (कानमा) पिशाब गरेर आउँछु) हिसाब ? (कान्छी औंली उज्याउँदै एसेम वाशरुमतिर प्रस्थान) हेलो ! फुर्बा ! म आङी बोल्देछा....मर्निङ...मर्निङ । किन फोन गारिस् मेरो फुरालाई ? फुर्बा- हेर्नु न आङी सुङ्गुरको खोर भत्केर भेनालाई ठोकठाक गर्नु बोलाको खै आउने भएको छैन । डोमा- आन्ता तोलाई थाहा छेना लकडाउन भादोदेखि तलका मिस्त्रीहरू सपे आ-आफ्ना घार गोएकाले आइले यहाँका लोकल मिस्त्रीहरूलाई फुर्सदै छैन । (एसेमको प्रवेश । मोबाइल हातमा लिन्छ) लु बात मार् तेरो भेनासित । (डोमा प्रस्थान) एसेम - अँ तिम्रो पलङ पो भाँचेछ भनेको ता सुङ्गुरको खोर पो भत्केको ? फुर्बा- पलङ ता के भनेर भाँच्छनि ।एसेम- लकडाउनको समयमा पलङ भाँचिनु ठूलो कुरो होइन । पलङ भाँचिहाल्यो भने शालीको निम्ति भेना छँदैछ नि ! डण्ट वरी बट नो मनपरी । फुर्बा - अम्मुई बाठ्े । भेना छिटो खोर बनाइदिनू न हौ । बिजोग भइसक्यो विचाराहरूको । एसेम- एक हप्तासम्म तम्बू टांगेर राखन । फुर्बा - छ्या...कस्तो पापी हौ ।लो कुरो होइन । एसेम-के को पापी ? हाम्रो यता सीआरपीएफहरू आउँदा गुहे फोडट्ातिर पनि परैहरू तम्बू टाँगेर बस्छन् । त्यसैको गन्धले मातिएर ता अन्धाधुन्ध गोली चलाएर हाम्राहरूलाई शहीद बनाएका बिर्सियौ ? फुर्बा- मेरो सुङ्गुर सीआरपीएफ होइन क्या ! भन्नू न भेनाज्यू कहिले आउनुहुने ? भेनालाई ढोग मात्र गर्नु सकेकी छैन । एसेम - लकडाउनमा पनि ढोग गरह्यौ भने ता कोरोनाको भोग मात्रै हुन्छ । यसो गर्नू म आउँदा टाढट्ैबाट निहुरिनू अनि म मेरो छाताको टुप्पोले तिम्रो टाउको टच गरेर भाग्यमानी भनिदिउँला । (हाँसेर भुतुक्कै हुन्छे) तर शाली भेनालाई ता लकडाउन एक्सक्यूज हुनुपर्ने होङ्गकि ! (प्रसङ्ग बदि्लँदै) एक हप्ताको टाइम देऊ । (एसेमको सहयोगी खाम्बे औजार लिएर प्रवेश ) राखेँ ल । म आउँछु । नसुर्ताऊ । (फोन राखी खाम्बेतिर हेर्दै) आइपुगिस् खाम्बे ? औजारहरू सबैमा धार लाइस् होइन ? ( खाम्बेले स्वीकारात्मक मुण्टो हल्लाउँछ । नेपथ्यतिर हेर्दै) डोमा खाम्बे आइपुग्यो है । चिया लेऊ है । डोमा - (नेपथ्यबाट) लस...लस... खाम्बे उस्ताद आज माथिको काम सकिन्छ हई । (डोमा चिया लिएर प्रवेश । खाम्बेले अभिवादन गर्छ) । डोमा- ला चिया खा लो । लाकडाउन ता लोकल मिस्त्री पार्टीहरूलाई बहुत फायदा गारेको छ होइना ? एसेम- अब मधेशका मिस्त्रीहरू लकडाउनको डरले टाप लाएपछि लोकल मिस्त्रीहरूलाई गोहार नमागी भोर र ! खाम्बे - तनीहरू यहाँ हुँदा हामीलाई कसैले टेँढट्पूच्छर लाउँदैन थियो । घरको कुरा सागै बराबर ठान्थ्यो अनिट् ।

डोमा- हाम्राहरू नि कम्तिर फुर्के हुँदैन नि । आलिकाति काम बिग्रियो भन्दियो भने हाम्राहरूलाई कमिलालाई मूतको पैह्रो भने भैँ हुन्छ । काँ...फनक्क रिसाइ पो हाल्छो ता । तिमेरको कामतिमेरू नै गर् भनी धाम्की दिएर फुइँकिँदै काम छोरेरा गोइहाल्छो । एसेम- काम पनि गरिदिनु उनीहरूको धम्क्याइँ पनि खानु ? खाम्बे -फेरि कोई चैं बिच्चैमा आएर कम्ति ता ख्याङख्याह् गर्दैन । रन्दाले नाकै ताछिदिनु फोंक चल्छ । डोमा - तोलका मिस्त्रहीहरूले विरोधगरेको कोइले देखेना मेले ता । परैहरू सियो भाएर पोस्छान् फाली भोएर निस्किन्छान् । एसेम- हामी ता बन्दुक भएर पस्ने तोप भएर निस्किने । डोमा - तोप ? ओसिएको तोप पडट्काच्छस् तौँ । त्याबारो आपे तोर्सेरा फारसतिर पोस्छा । आबो तोप होइना हाजूर बुद्धि पाडट्काउना सिक् । तिमारको यस्तै बेउराले यहाँको लोकल मिस्त्रीलाई काम नादिएर तोलाकोलाई दिन्छान् । खाम्बे - अब देवोस् न । एसेम- अब ता भाङ्गपो देवोस् । र ता सात सयको ठाउँमा डेढट् हजार अनि हेल्परलाई चार सयको ठाउँमा हजार लिन्छु ता । डोमा - (छक्क पर्दै) आप....पे ! एसेम- के को आप् पे न साप् पे ? खाम्बे- नेताहरूको लक (माथितिर हेर्दै) अप हुँदा मोराहरूले रजाइँ गरेर राँटो लाएका होइनट्न् ? एसेम- त्यतिबेला चुइँसम्म कोई बोल्न सक्यो ? लकडाउन भए पनि अहिले हाम्रो ...लकङ्ग अपमा छ । अब हाम्रो पालो । खाम्बे - कति दिनसम्म घरको कुखुरा सागै बराबर भएर बस्नु । हामी घरको साग पनि कहिलेकाहीँ कुखुरा भइदिउँ न । साधारण खटिखाने मिस्त्रीले लकडाउनमा धेर लिँदा कुन ठूलो पहाडट् ढल्छ हौ हन ? एसेम- अरुहरूले सिङ्गै पहाडट् नै क्वाप्ल्वाक्कै पार्न खोज्दा पनि चलिङ । डोमा - केरा पायो भन्दोइमा बोक्रैसिता खानुभोएना नि । तिमेरको मुखाइ ठिकी छेना..मिस्त्रीले मुख सोफा राख्नुपोर्छा नात्रा मुखमा इस्त्रीले डाम्नुपोर्छा । खाम्बे - मुख सफा गर्नु सर्फ खानु आजिला ? एसेम - हामी मिस्त्रीको मुख तिमेरको बक्खुजस्तो हो कि क्या हो.... डोमा -बाक्खु होइना तिमेरको मुख छारा छ छारा । यस्तै बेहोरा गारयो भोने नि केही दिनपाछि सबे तोलबाटा आउनेले यहाँ राज गोर्छा । लोकलहरू ता हेरेको हेरेकै । (नेपथ्यबाट "एसम सर ! एसेम सर !" भनेको आवाज सुनेर एसेम नेपथ्यतिर प्रस्थान) । मञ्च अँध्यारो हुन्छ ।

*-साहित्य घर डटकम*

कथा ● टङ्क भट्टराई

## पहाडघर काँ हो ?

"नानीको पहाड घर काँ हो ?" केटो बोलेन । "पहाडघर काँ हो नानीको ?" फलामको बेन्चमा बसेर मोबाइल चलाइरहेको केटोले बूढालाई खाउँलाफैं गरेर हेर्‍यो । तर, बूढा डेग चलेनन् । लौरो टेकेर उसकै अगाडि उभिरहें । उसले बूढालाई फेरि यत्रा आँखा तर्‍यो र उठेर अन्तै हिंड्यो । अब अघिको केटो बसे ठाउँमा ती बूढा बसे । लौरालाई छेउतिर बेन्चको आडमा ठड्याएर राखे । शिवपुरी पहाडको फेदमा बूढानीलकण्ठ मन्दिर । आराध्य बूढानीलकण्ठ पूर्व सिरान गरेर खुला आकाशमुनि जलाशयमा शयन गरिरहेका । वरिपरि पहेंलो रङ्गले आकर्षक देखिएको पर्खाल । जलाशयमा चौबीसै घण्टा बगिरहने धारोको कलकल आवाज । उत्तरमा लक्ष्मी मन्दिर । उत्तरपूर्वमा बालगोपालेश्वर र पर्खालभित्रै ठीक ईशान कोणमा पीपलको बोट । दक्षिणपूर्वमा शिव मन्दिर । दक्षिणमा सरस्वतीको मन्दिर । अलि तल गहिरो ठाउँमा पीपलको बोटमुनि नागथान, नागथान नजीकै जलाशयबाट निकास स्वरूप बगेको पानीको धारो । पश्चिमतर्फको मूलढोका अगाडि हनुमान, गरुड र कुमारको मूर्ति । यी तीन मूर्तिको मुनि ठूलो घण्ट । पश्चिमर्फ तुलसीको मोठ, गणेशको मन्दिर र नवग्रहको खुला पूजास्थल । दक्षिण पश्चिममा वेद पढ्ने बटुकहरूको मण्डप । त्यसको पछाडि छेउमा ब्राह्मणहरूको लागि छुट्याइएको ठाउँ । दक्षिणतर्फ पीपलको बोटनेरि मान्छे बस्ने केही थान फलामका बेन्चहरू । मन्दिरमा आउने श्रद्धालुहरू कोही तिनै बेन्चमा र कोही मन्दिर वरपरका ढुङ्गाका सिंढीहरूमा आनन्दमग्न भएर बसिरहेका । कोही गफिरहेका ।

एक दिन दिउँसो बूढानीलकण्ठलाई परिक्रमा गरेर म दक्षिणतिरको ढुङ्गाको सिंढीबाट उँधो फर्न लागेको थिएँ । मन्दिर वरिपरि मान्छे फाट्टफुट्ट मात्र थिए । छेउतिरको एउटा बेन्चमा बसेर त्यस्तै सत्र-अठार वर्षकी एउटी केटी मोबाइलको तार कानमा जोडेर एक्लै मस्की-मस्की कुरा गरिरहेकी थिई । त्यही वेला मैले देखें, तिनै बूढामान्छे अलि पर्तिर बसिरहेका । उनीसँग गफ गर्ने मान्छे कोही थिएनन् । उनी आफू बसे ठाउँबाट उठेर त्यो केटी भए ठाउँनिर आए । केटी एक्लै छे । तर, एक्लै भए पनि बोलिरहेकी । बूढालाई अचम्म लागेछ क्यार । एकछिन हेरिरहे । एउटा बाँदर मास्तिर पीपलको हाँगामा बसेर आङ कन्याइरहेको थियो । म अलि परबाट घरी त्यो बाँदर, घरी बा र घरी त्यो केटीलाई हेर्दै एक छिन उभिरहें । "नानीको पहाड घर काँ हो ?" बा नजीकै गएर त्यो केटीलाई सोधे । केटीले हेर्दा पनि हेरिन । ऊ गफमै मस्त छे । घरी-घरी हाँस्छे पनि । "नानीको पहाड घर काँ हो ?" बाले अझ नजीक गएर सोधे । अब भने केटीले बूढातिर यत्रा आँखा तरी । ठीक त्यही वेला एउटा तन्नेरी केटो केटीलाई 'हाइ' गर्दै आयो । केटी खुशी हुँदै जुरुक्क उठी । दुइटैले अँगालो मारे । अनि त्यहाँबाट हिंडे । बूढाले तिनीहरू पर पुगुञ्जेलसम्म हेरिरहे । त्यसपछि भने म पनि सिंढीबाट बिस्तारे उँधो ओर्लें । बाहिरबाट यस क्षेत्रमा बसोबास गर्न आएका र केही स्थानीय बूढापाकाहरू प्राय: हरेक दिउँसो मन्दिरमा आउने गर्छन् । नागथान मास्तिर पीपलको छहारीमुनि तिनै बेन्चमा बसेर उहिलेदेखि अहिलेसम्मका कुराहरू गर्छन् । मन मिल्नेहरू मजैले गफिन्छन् । कोही नयाँ आए भने उनीहरूका कुरा सुन्छन् । बिस्तारै-बिस्तारै पुरानाहरूसँग हिमचिम बढाउँछन् । बिहानै बूढानीलकण्ठ दर्शन गरी बटुकहरूले नियमित पूजा गरेको दृश्य हेरिरहूँ लाग्ने । साँझपख बाजागाजा र घण्टको मधुर आवाज सहितको आरती त्यस्तै आनन्ददायक । दिउँसोको शान्त वातावरणमा मन्दिर वरपरको दृश्य नियाल्दाको आनन्द बेग्लै । गर्मीको वेला एक दिन दिउँसो म पीपलको छहारीमुनि बसिरहेको थिएँ । अलिक पर्तिर दुइटा बूढाहरू गफिइरहेका थिए । एक जनालाई त चिनिनँ । अर्कालाई भने चिनें । ती 'पहाडघर काँ हो ?' भनी सोध्ने बा रहेछन् । उनी एकसुरले भट्याइरहेका थिए । अर्का बा बीच-बीचमा 'अँ-अँ' भन्दै ध्यानपूर्वक सुनिरहेका थिए । तपाईंको पहाडघर काँ हो ?" "रामेछाप हो ।"

"तपाईंको नि !" "म खोटाङ जिल्ला दिउँको खँड्का हुँ । पोरमात्तै आको काठमाण्डु । छोरा-ब्वारी त निकै बर्खअगाडि आका ।" पहाडघर सोध्ने बा खरर्रर बोल्न थाले । "मेरो एउटा छोरो । छोरा-ब्वारी यीं मास्तिर बस्छन् । दुइटा नाति-नातिना छन् । ब्वारी किराना र तरकारी पसल गर्छे । छोरो ब्याङ्कामा पाले काम गर्छ । तीनटा कोठा छन् । एउटा सटर । एउटा छोरा-ब्वारी र केटाकेटीको । एउटा सानो भान्सा । हामी बूढाबुढी त्यैं भात-तिउन पकाउने कोठामा सुत्छौं ।" "पहाड सबै बेचबिखन गर्नुभो कि छ ?" अर्का बाले सोधे । "बाउआमा यतै आउनुपर्छ । हामी अब पहाड आउँदैन । तपाईंहरूलाई दु:ख हुन्छ । जग्गा-जिमिन बेचेर आउनुहोस् भनेर जतिखेरै कर गरेपछि खेत अलिकति थ्यो बेचें । घर-बारीचैं छ । छोरी दुइटै ब्या गरेर देको । उतै गाउँमा छन् ।" "बाले बनाको पुरानो घुमाउने घर अलि सानो भो । मैले त्यसमा तल्तिर पाली थपें । छानो पैला खरको थ्यो । ऐले जङ्गलको खर कल्ले काटेर लेइदेओस् ? गाउँमा सप्पैले खबटाको छानो हाले । मैले पनि तेसै गरें । कसै-कसैले ता टिनकै छानो हालेका छन् । जङ्गलबाट सालका लाछ्रा एक्लै बोकेर घर अगाडिको लामो खोल्माचैं मैले बनाको । खोल्मा निकै लामो छ । तल्तिर वस्तुभाउ र बाख्रा-पाठा । दाउरा, हलो-जुवा, दाँदे, कुटा-कोदाला सप्पै ती अँटेका थे । तलामाथि घाँस-पराल अटेर मान्छे बस्न सुत्नको लागि ठाउँ पनि थ्यो । म तीं ढल्केर वेला-बखत सिलोक भन्थें । ढिकीचैं घरमुनि सानो चित्रे कटेरोभित्र । हजुरबाकै पालाको ।" "घर-बारी ता माया लागेर बेचिनँ । यसो कैलेकाहीं गइयो भने बस्ने ठाउँ हुन्छ । फेरि आफू जन्मेको थलो । क्या हो-क्या हो, यता दु:ख पाइयो भने उता जानुपर्छ । घरदेखि निकै तल दश पाथी बीउ जाने बिरौटे खेत थ्यो । तोचैं एक लाखमा बेचें । बिरौटे खेत हजुरबाले बिराको । पछि बाले त्यसमा अलिकति थप्नुभो । सानो हुँदा म पनि बाको पछि-पछि गएर साना-साना ढुङ्गा बोकेर बालाई सघाउँथें । खेतको अलिपर सानो पानी बगिरहने खोल्सो थ्यो । खोल्साहुँदि बाँसका झ्याङ र थुप्रै चिलाउनेका रूख थे । बिरौटे खेतमा बर्खे र हिउँदै दुई बाली धान हुन्थो । खेत सारै लक्षिनको । अक्षताको खाँचो कैलै भएन । ठाउँ-ठाउँमा बाले रोपेका धुस्रे र झप्री केराका बोट । धुस्रे केरा ता साना हुन्थे र गाँठे ! दोडा खायो भने पेटै टम्म !" बाले मुख मिठ्याए । "म बाउको एक्लो छोरो । गोठ बस्ता दूध, दै, घिउ नाथे ता कति खाइयो कति । तै भर ता ऐलेसम्मन् दबाइको एउटा गोली खाको छैन ।" बूढा हौसिँदै अरू बक्न थाले । "हिजो-अस्तिसम्म पनि मलाई रूख चढ्न कसैले भेट्तैनथो । बाँस त एक्लै नुहाउँथें । टुप्पा-टुप्पामा पुगेर घाँस काट्थें । बारीभरि बडहर, पटमिरो, पाडरी, खनिउँ, दबदबे । छेउछाउँहुँदि थुप्रै बाँसका झ्याङ । दाउरा-घाँसलाई अन्त काइँ जान नपर्ने । घर नजिकै जाइको बोटमुनि गलल-ल पानीको धारो । ठाउँ त सोर्गै हो गाँठे ।" बूढाले टोपी झिकेर घुँडामाथि राखे । अनि एकछिन उतै-कतै गाउँको सम्झनामा हराए । केही महीनापछि म त्यही पीपलको छहारीमुनि बेन्चमा बसिरहेको थिएँ । जेठ महीना । बेलुकापख त्यस्तै चार बजेपछि । दिन पनि लामो र गर्मी पनि निकै चढेकोले मन्दिर वर-पर खुला हावा खान र यसो टहलिन मान्छेहरू मन्दिरतिर आइरहेका । शिव मन्दिरपछाडि ढुङ्गा बिछ्याइएको खुला ठाउँमा परेवाहरू भुर्र-भुर्र गर्दै यताउति चारो टिपिरहेका । केही थान बाँदरहरू घरी मान्छे र घरी अन्ततिर हेर्दै पर्खालमा टक्राकटुक्रुक बसिरहेका । कोही जीउ कन्याइरहेका र कोही बिजुली र केबलका तारमा झुन्डिँदै नजिकैका घरतिर लम्किरहेका । केही युवा-युवतीहरू छेउछाउका पर्खालहुँदि बसेर मोबाइल चलाइरहेका । सेल्फी खिचिरहेका । त्यही वेला मन्दिरको पूर्वतर्फको प्रवेशद्वारबाट एउटा बूढा मान्छे लौरो टेक्दै आए । अलिक नजीक आएपछि थाहा पाएँ- ती त त्यही पहाडघर सोध्ने बा पो रहेछन् । कालो भोटो, सेता तर अलि मैला-मैला कमिज-सुरुवाल, पुरानो खालको ढाका टोपी, समात्नेतिर अंग्रेजी 'टि' खालको हल्का बाङ्गो घँघरुको लौरो टेकेर यताउति हेर्दै बाले पहिला बूढानीलकण्ठ मन्दिरलाई दाहिनेतिरबाट फेरो मारे । मूल ढोकाबाट हात जोडेर नमस्कार गरे । अनि सोधे-"नानीको पहाडघर काँ हो ?" "खोटाङ ।" मैले तुरुन्त बताएँ । "खोटाङ काँ ?" "खाल्ले ।" "ए ! उतैका पो रछौ त हामी । म दिउँको खँड्का हुँ ।" "नानी के थरी ?" "भट्टराई ।" "मामली काँ ?" "खाम्तेल ।" "खाम्तेल काँ ?" "माथि डाँडामा ।" "रोका डाँडो ?" "हो ।" "के थरी ?" "कटुवाल ।" "नानीका बा-आमा छन्, छैनन् ?" "हुनुहुन्छ ।" "दुइटै ?" "हजुर !" "काँ छन् ?" "यीं ।" "बा कति बर्षाका हुनुभो ?" "चौरासी ।" "आमा नि !" "एकासी ।" "नानीका दाजुभाइ ?" "एउटा भाइ छ ।" "दिदी-बुइनी कति जना ?" "दुई जना ।" "काँ-काँ देको ?" "एउटी चुइचुम्मा नाली । अर्की खाम्तेल ।""नाली कल्लाई ? त्यता त म पूरै जान्दछु ।" "थापालाई ।" "कुन थापा ?" "धारोमुनिका साँइला थापा ।"

"नानी कति बर्ख पुग्नुभो ?" "त्रिपन्न ।" बा नबिसाई सोधेका सोधै । म भनेको भनै । त्यही वेला मलाई एक जना साथीले चिया पिउनको लागि नजिकैको क्याफेबाट फोन गर्‍यो । त्यो वेला मलाई बाको पञ्जाबाट उम्किने काइदाको मौका मिल्यो । नत्र, बाले अझै के के सोधेर हैरान पार्ने थिए । एक छिनपछि नागथानमुनिको 'मारिको क्याफे' बाट यसो मास्तिर हेर्दा त बा पनि लौरो टेक्दै पर पुगिसकेका । "ए ! लु अब रात परेछ ।" बाले पारि डाँडामा पुगेका घामतिर हेर्दै भने । "लु बा ! बिस्तारो जानोस् । मेरो पर्तिर काम छ । म यता लाग्छु ।" बालाई नमस्ते गर्दै म छुटें । "लु त नानी ! मलाई पनि ब्याँलो भो ।" बा पनि लौरो टेकेर अर्को बाटो तेर्सिए । मैले अलि पर्तिर पुगेर बालाई हेरें । बा मतिर फर्किँदै हेर्दै बिस्तारो अघि बढिरहेका थिए । मैले मनमनै गुनें- 'बा अब निकै थाकिसकेछन् । यसपाला केही पनि सोधेनन् मलाई ।'

*-साहित्यपोस्ट डटकम*

# 'हेरिटेज राइड' सफल पार्न सहयोग गर्नेलाई सम्मान




**पाल्पा,** मंसिर ७/पाल्पा साइक्लिङ संघले 'हेरिटेज राइड-२०८१' सफल पार्न सहयोग गर्नेहरुलाई सम्मान तथा मायाको चिनो वितरण गरेको छ । संघले शुक्रबार तानसेनमा एक औपचारिक कार्यक्रम गरी 'हेरिटेज राइड'मा सहयोग गर्नेहरुलाई सम्मान गरेको हो ।

कार्यक्रमका प्रमुख अतिथि लुम्बिनी प्रदेशका सांसद एंव पूर्व मन्त्री वीरबहादुर रानाले विभिन्न क्षेत्रबाट साइकल सम्पदा यात्रा कार्यक्रमलाई सफल पार्न सहयोग गर्नेहरुलाई टोकन अफ लव हस्तान्तरण गर्दै सम्मान गरेका थिए ।

सांसद रानाले सम्मान गर्दै जिल्लाको सांस्कृतिक, धार्मिक र पर्यटकीय क्षेत्रको विकासमा संघमा आवद्ध युवाहरुले देखाएको सक्रियता प्रशंसनिय रहेको बताए । उनले भने 'प्रकृति, संस्कृति र सम्पदाले पाल्पा धनी भए पनि प्रचार-प्रसारको अभावका कारण ओझेलमा परेको बेला युवाहरुले देखाएको चासो अनुकरण गर्न लायक छ ।' सांसद रानाले जिल्लामा अथाह सम्भावना भए पनि ओझेलमा परेकाले त्यसको संरक्षण र प्रचार प्रसारमा सबैले ध्यान दिनुपर्ने बताए । उनले युवाहरुको उत्साहलाई आफुले मर्न नदिने समेत बताए ।

सांसद रानाले भने 'यहाँहरुले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तर दिँदै जानुहोस्, हामी तपाईहरुको उर्जालाई त्यसै मर्न दिदैनौं ।' उनले यस्ता कार्यक्रम गर्न स्रोतको अभाव नभई सोचको अभाव रहेकाले त्यसमा दत्तचित्त भएर लाग्न सबैलाई आग्रह गरे । कार्यक्रममा संघका सल्लाहकार सागरमान महर्जनले 'हेरिटेज राइड'मा साइकलको यात्रा मात्र नभई जिल्लाको सम्पदा चिनाउने काम भएको बताए । पाल्पामा पहिलो पटक भएको कार्यक्रमले यहाँका सम्पदाहरुलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनले हेरिटेज राइडलाई आगामी दिनमा ब्रान्डिङ गरेर जाने समेत बताए । संघका अर्का सल्लाहकार सुरज शाक्यले चुनौतीका बाबजुत पनि सबैको सहयोगले हेरिटेज कार्यक्रम गर्न सफल भएको बताए । उनले कार्यक्रमलाई निरन्तर दिने कुरामा सम्बन्धित निकायले ध्यान दिनुपर्नेमा जोड दिए । सोही अवसरमा संघले लुम्बिनी प्रदेश खेलकूद समितिको सदस्यमा मनोनित भएकोमा राजु महर्जनलाई समेत सम्मान गरेको थियो ।

संघका अध्यक्ष रुपेश महर्जनको अध्यक्षता, सचिव विज्ञान बज्रचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो । संघले कार्तिक २३/२४ गते 'हेरिटेज राइड' सञ्चालन गरेको थियो । जसमा १ सय ३० जना साइकल यात्रीहरुको सहभागीता रहेको थियो ।

# रैनादेवीमा सकियो...

परम्परागत मौलिक कलासंस्कृतिले रमझममा रमाएका सहभागी अतिथीहरुले मन मस्तिष्कलाई ताजा जुझारु तथा सक्रिय बनाएको महशुस गरेका छन् । यस्ता मौलिक कलासंस्कृति बचाउन वडा, स्थानीयतह, प्रदेश तथा केन्द्र सरकारबाट नितिगत रुपमा व्यवस्था गर्न अतिथिहरुले जोड दिएका थिए । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष रुक्माङ्गत भट्टराईले रैनादेवी क्षेत्र विकास निर्माणदेखी पुननिर्माणसम्म गाउँपालिकाले प्राथमिकता दिएर काम गर्दै आएको बताए । रैनादेवीको नामबाट गाउँपालिकाको नाम रहेकाले रैनादेवीको मन्दिर निर्माणको काम पालिकाले गर्दै आएको बताए । रैनादेवीलाई यस क्षेत्रकै धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न पालिकाले विस्तृत योजना बनाएर काम गर्दै आएको पालिका अध्यक्ष भट्टराईले बताए ।


३ नं. वडा कार्यालय भुवनपोखरीले न्वागी उत्सवमा स्थानीय कलासंस्कृतिलाई बचाउन, स्थानीय परम्परागत कलाकारहरुलाई उत्साहित बनाउन, एक पुस्ताबाट अर्को पुस्तामा संस्कृतिको हस्तान्तरण गर्न पालिकास्तरीय सोरठी नाच प्रतियोगिता सञ्चालन गरेको छ । प्रतियोगितामा ९ वटा सोरठी नाच प्रस्तुत भएकोमा पेलावास सोरठी नाच समुह प्रथम भएको छ । सिद्देश्वर साउने मगर समाज सोरठी नाच समुह द्धितिय, जनप्रिय दाजुभाई नाच समुह अर्घाई तृतिय र साउनेली समाज सोरठी नाच समुह सान्तवना भएका छन् । वडा कार्यालयले विजयी हुने प्रथम समुहलाई नगद २० हजार प्रमाणपत्र, द्धितियलाई नगद १५ हजार प्रमाणपत्र, तृतियलाई नगद १० हजार र सान्तवनालाई नगर ५ हजार, सहभागी सबै समुहलाई यातायात खर्च उपलवब्ध गराएको वडा अध्यक्ष प्रदिप पौडेलले बताए । विजयी नाच समुहलाई प्रदेश सभामुख तुलाराम घर्तिमगर, गाउँपालिका अध्यक्ष रुक्माङ्गत भट्टराइ, उपाध्यक्ष युवराज थापा, वडा अध्यक्ष प्रदिप पौडेल, मन्दिर व्यबस्थापन समितिका अध्यक्ष मिन बहादुर दर्लामीले नगद तथा प्रमाणपत्र वितरण गरेका थिए । विगत केही बर्षयता रैनादेवी मन्दिर धार्मिक पर्यटकीय केन्द्रको रुपमा विकास भईरहेको र यस क्षेत्रमा चहल पहल बृद्धि भएको वडा अध्यक्ष पौडेलले बताए ।

रैनादेवी भुवनपोखरी गोखुङ्गाको न्वागी उत्सवह हेर्न जिल्लाका सभासदहरु, प्रमुख, जिल्ला अधिकारी सहित सुरक्षानिकायका प्रमुख, राजनीतिक दलका नेतागणहरुको सहभागीता रहेको थियो । पश्चिम पाल्पा, पुर्वी अर्घाखाँची र दक्षिण गुल्मी क्षेत्रमा नयाँ धान रैनादेवीलाई चढाएर, देवीको पुजा पाठ गरी खाने प्रचलनलाई न्वागी पर्व पर्व भन्ने गरिन्छ । तान्त्रिक विधीबाट रैनादेवी मन्दिर परिसरमा लामाधामीले न्वागीको मिति तोक्ने परम्परा रहेको पाईन्छ । नयाँ धान भित्र्याएपछि कृषकहरुले रैनादेवी भगवतीलाई दही, चामल, सिलाम, केरा, मह लगायत चढाएर नयाँ चामलको प्रयोग गर्ने परम्परा रहेको छ ।

पछिल्लो समय मन्दिरमा पुगेका भक्तजन, पर्यटक, तथा दर्शकहरुलाई दही चामल खुवाएर न्वागी पर्वलाई विशेष पर्वको रुपमा मनाउने अभियानमा वडा कार्यालय लागेको छ । दहि चामलसँगै, स्थानीय कलासंस्कृति बचाउने, युवा पुस्तामा कलासंस्कृति सिकाउने स्थानीय भजन, पञ्चेबाजाको तालमा नचाउने, ठूलो तथा सोरठी ठूलो नाचमा मादल ठोकाउने काम प्रतिष्प्रर्धातमक रुपमा हुँदै आएको मन्दिर संरक्षण समितिका अध्यक्ष मिन बहादुर दर्लामीले बताए । गाउँपालिकाले भुवनपोखरी गोखुङ्गामा रैनादेवीको काष्टकलायुक्त आकर्षक मन्दिर बनाएपछी भक्तजनहरुको भिडभाड बढेको छ । रैनादेवी मन्दिर परिसर गोखुङ्गाबाट अन्नपूर्ण, धौलागिरी, निलगिरी लगायतका हिमालहरु देख्न सकिन्छ । डाडाको टुप्पोमा मन्दिर रहेकोले चारैतिरका दृश्वहरु हेरेर धार्मिक पर्यटकहरु रेनादेवी मन्दिर परिसरमा रमाउने गर्दछन् ।

## खेलकुद समाचार

### अस्ट्रेलियासँग भारत १ सय ५० रनमा अलआउट



**काठमाडौं,** मंसिर ७/भारत र अस्ट्रेलियाबीच पाँच खेलको टेष्ट शृङ्खला शुक्रबार देखि शुरु भएको छ । बोर्डर गावस्कर ट्रफी सन् २०२४/२५ को पहिलो टेस्टको शुक्रबार पहिलो दिन अष्ट्रेलियाको पर्थमा खेल भइरहेको छ । भारतीय टोली पहिलो पारीमा एक सय ५० रनमै समेटिएको छ । उसका डेब्यू खेलाडी नितिशकुमार रेड्डीले सर्वाधिक ४१ रन बनाए । ऋषभ पन्तले ३७ रन र केएल राहुलले २६ रनको योगदान दिए । यी तीनबाहेक ुव जुरेलले मात्रै दोहोरो अङ्कको रन बनाए । उनले ११ रन बनाए । अष्ट्रेलियाका जोस हेजलवुडले चार विकेट लिए । त्यस्तै प्याट कमिन्स, मिचेल स्टार्क र मिचेल मार्सले समान दुई/दुई विकेट लिए । अस्ट्रेलियाले पहिलो पारी शुरु गरेको छ । पाहुना टोली भारतका कप्तान जसप्रित बुमराहले टस जितेर पहिला ब्याटिङ रोजेका थिए । तर भारतीय टोलीले कमजोर शुरुवात गर्‍यो । उसले ७५ रन जोड्दा छ विकेट गुमाएको थियो । यो टेस्टमा नितिशकुमार रेड्डी र हर्षित राणाले भारतीय टोलीका लागि डेब्यू गरेका छन् । पहिलो खेलमा रोहित शर्मा अनुपस्थित छन् । त्यस्तै अष्ट्रेलियाका लागि नाथन म्याकस्विनीले डेब्यू गरेका छन् । यस पटक भारत निक्कै दबाबमा छ । यसअघि न्युजिल्यान्डसँग घरेलु मैदानमा भएको तीन खेलको टेस्ट शृङ्खलामा भारत ३-० ले पराजित भएको थियो । सन् २००० यता घरेलु मैदानमा भारत ह्वाइटवास भएको यो नै पहिलो पटक थियो । अष्ट्रेलियासँगको यो टेस्ट शृंखलाले विश्व टेस्ट च्याम्पियनसिपको फाइनल पुग्ने सम्भावित टोलीको निर्णय गर्नेछ ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# जटिल रोग लागेकालाई लुम्बिनी सरकारको दुई लाख सहयोग




**लुम्बिनी,** मंसिर ७/लुम्बिनी प्रदेशमा स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका २०७८ (पहिलो संशोधन २०८१) कार्यान्वयनमा आएको छ । निर्देशिका अनुसार जटिल रोग लागेका बिरामीले अब रु दुई लाख आर्थिक सहयोग पाउने छन् ।

प्रदेशका १२ जिल्लाका स्वास्थ्य कार्यालयमार्फत मुटुको भल्व फेर्ने, क्यान्सर उपचार र मिर्गौला प्रत्यारोपण गर्ने बिरामीलाई दृष्टिगत गरी संशोधित निर्देशिका कार्यान्वयनमा आएको हो । मुख्यमन्त्री चेतनारायण आचार्यले एउटा सिफारिस बनाउनकै लागि स्वास्थ्य सेवा निर्देशनालय धाउनुपर्ने बाध्यताको अन्त्य गरिएको र यसबाट बिरामी र उनीहरुका परिवारका सदस्यहरुलाई सहज भएको बताए । यसअघि प्रदेश स्वास्थ्य सेवा निर्देशनालयबाट उपचार सुविधाको सिफारिस हुँदै आएको थियो । अबदेखि सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालयबाट सिफारिस गर्ने व्यवस्था मिलाइएको प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले बताए ।

लुम्बिनी प्रदेश सरकारले मुटुको भल्ब फेर्न, क्यान्सरको उपचार र मिर्गौला प्रत्यारोपणका लागि एक जना बिरामीलाई रु दुई लाखको व्यवस्था गरेको छ ।-**रासस**

## सूचना ! सूचना !! सूचना !!!

यस संस्थाको मिति २०८१/०६/०३ गते ११ औं वार्षिक साधारण सभाको निर्णय अनुसार निष्क्रिय (Inactive) रुपमा रहनु भएका शेयर सदस्यज्यूहरुको (नामावली संस्था कार्यालयको सूचना पाटीमा टास गरेको) शेयर तथा बचत रकमलाई भुक्तानी दिनुपर्ने बाँकी हिसाब मा रुपान्तरण गरी हिसाब मिलान गरिने भएकोले यो सूचना प्रकाशित गरिएको मिति देखि १५ दिन भित्र संस्थामा उपस्थित भई आफ्नो सदस्यता सक्रिय (Active) गर्नुहुन हार्दिक अनुरोध गर्दछौं । अन्यथा यस संस्थाको विनियम २०८० को परिच्छेद ३ को दफा १२ को उपदफा १ (क)-(ठ) बमोजिम सदस्यता नरहने व्यहोरा समेत जानकारी गराउँदछौं ।

**विष्णु बहादुर गाहा**
**अध्यक्ष**
**श्री गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
**तानसेन-३, पाल्पा**
**सम्पर्क :०७५-५२२३५९**




हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई